# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण १ गते २०१३ साल

### उद्योग वाणिज्यमन्त्रालयको सूचना

२१ घ फु।१३ २२।३।०१३

फोर्ड फाउण्डेशनबाट प्राप्त सहायता रकमबाट चालु गरिएको गृहविज्ञान तालिमको काम उद्योगविभागको डाइरेक्टर—अन्तर्गत रही आएकोमा उक्त गृह-विज्ञान तालिम कामको घरेलु उद्योग भन्दा ग्रामविकाशसंग बढता सम्बन्ध रहन आउने भएकोले गृहविज्ञान तालिमको काम घरेलु उद्योगबाट छुटाई ग्राम विकाश अन्तर्गत राखेमा बढी मात्रामा सफलता हुने र काममा पनि दोहोरो नपर्ने देखि-एकोले यो गृहविज्ञान तालिमको काम डाइरेक्टर उद्योगविभागको मातहतबाट छुटाई ग्रामविकाशको डाइरेक्टरको मातहतमा राखिएको र निकाशा पुकासा दिने काम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ। 923

पनि उद्योग वाणिज्यमन्त्रालयबाट नगरी योजना विकासमन्त्रालयबाट गराउने निर्णय भएकोले सर्वसाधारणमा विदित होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—
रामप्रसाद जोशी,
का. मु. सेक्रेटरी—उद्योग र वाणिज्यमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।